वर्ष ९, अंक ३
फाल्गुण/चैत्र, २०७४, March, 2018

# ICAN Newsletter

## नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको खबरपत्र



संस्थाको मार्च २०१८ अंक यहाँहरू समक्ष ल्याउन पाउँदा मलाई खुसी लागेको छ। गत त्रैमासिक संस्थाको लागि ज्यादैनै व्यस्त र महत्वपूर्ण रहनुका साथै यस दौरानमा साफा तथा अन्य अन्तर्राष्ट्रिय कार्यक्रमहरूको आयोजना सम्पन्न भएका छन्। जनवरी देखि मार्च २०१८ सम्ममा संस्थाले गरेका विविध कृयाकलापहरूको संक्षिप्त जानकारी २०१८ देखि थालनी गरिएको E-News सेवा मार्फत यहाँहरूलाई गराईएको भएता पनि खबरपत्र मार्फत प्रमुख घटनाक्रमहरूको बारेमा सूचना बाँडन पाउँदा खुशी महसुस गरेको छु।

## संस्थागत कृयाकलाप

### संस्थाको २१ औं वार्षिकोत्सव

२०७४ माघ १७ गते संस्थाको २१औं वार्षिकोत्सवको अवसर पारेर सातदोबाटो, स्थित केन्द्रीय कार्यालय अगाडिको कनिबहाल सिंचाहिटी देखि चक्रपथ सम्मको सडकलाई ललितपुर महानगरपालिकाको स्वीकृतिमा "आइक्यान मार्ग" (ICAN Marg) नामाकरण गरियो । संस्थाको २१औं वार्षिकोत्सवको अवसरमा आर्थिक वर्ष २०१६/१७ को वार्षिक प्रतिवेदन प्रस्तुत गरिनुका साथै चौथो परिषद्का अध्यक्षहरूलाई सम्मान गरिएको थियो। सोही कार्यक्रमका प्रमुख अतिथि माननीय महालेखापरीक्षकज्यूबाट डिसेम्बर २०१६ र जुन २०१७ को सिए परीक्षामा सर्वोत्कृष्ट अंक ल्याई उर्त्तीण हुने विद्यार्थीहरूलाई पदक तथा प्रमाणपत्र प्रदान गरिनुका साथै वार्षिक कार्यसम्पादन मूल्याङ्कनको आधारमा संस्थाका तीन जना कर्मचारीहरूलाई उत्कृष्ट कर्मचारीको रूपमा नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गरियो। त्यस्तै, धेरै जना चार्टर्ड एकाउन्टेन्टहरूलाई बैंकमा रोजगार प्रदान गरी चार्टर्ड एकाउन्टेन्ट शिक्षाको महत्वलाई प्रोत्साहन गरेकोमा NIC Asia Bank Ltd. लाई कार्यक्रममा प्रमाणपत्र प्रदान गरिएको थियो।

### लेखापरीक्षण गुणस्तर आश्वस्तता

लेखापरीक्षण गुणस्तर आश्वस्तता बोर्डले नेपालमा गुणस्तर आश्वस्तता पुनरावलोकन प्रणालीको कार्यान्वयनको सम्बन्धमा नेपाल गुणस्तर नियन्त्रणमान, लेखापरीक्षणमान र अन्य नियमावलीहरूको सदस्यहरूबाट पालना गराउन दृढताका साथ लागेको व्यहोरा समेत जानकारी गराउन चाहन्छु।

### सार्वजनिक वित्त व्यवस्थापनमा व्यवसायीको भूमिका

राष्ट्रको शासकीय संरचनामा आएको परिवर्तन सँगै Chartered Institute of Public Finance and Accountancy (CIPFA) बीच भएको समझदारीको उपदेयतालाई प्रकाश पार्ने अभिप्रायले Role of Professionals in Public Finance Management विषयमा संस्था र सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (PEFA) सचिवालयको संयुक्त आयोजनामा २०७४ माघ १९ मा सार्वजनिक वित्त व्यवस्थापनलाई सुदृढ बनाउने उद्देश्यले अन्तरकृया कार्यक्रमको आयोजना गरिएको व्यहोरा जानकारी गराउन चाहन्छु। उक्त कार्यक्रममा यस संस्था लगायत अर्थ मन्त्रालय, महालेखापरीक्षकको कार्यालय, महालेखा नियन्त्रकको कार्यालय, आन्तरिक राजस्व विभाग, CIPFA, IFAC, लेखामान बोर्ड, लेखापरीक्षणमान बोर्ड तथा दातृ निकाय आदिका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

### नयाँ सदस्यता

संस्थाले २७ सेप्टेम्बर २०१७ देखि मार्च २०१८ को अन्तसम्ममा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा १६(२) अनुसार जम्मा १३६ जनालाई चार्टर्ड एकाउन्टेन्टको नयाँ सदस्यता प्रदान गरेको छ।

### आठौं परिषद् निर्वाचन

चालू आर्थिक वर्षको समाप्तिसँगै सातौं परिषद्को कार्यकाल पूरा हुने भएकोले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ बमोजिम निर्वाचन अधिकृतको कार्यालयले आठौं परिषद्को निर्वाचनको लागि २०७५ जेष्ठ २५ गते मतदानको मिति तोकेको छ।

## विद्यार्थी कृयाकलाप र शैक्षिक गतिविधि

### ICAN Commerce Olympiad

संस्थाले २०७४ साल पौष २६ गते संस्थाको केन्द्रीय कार्यालय, ललितपुर र संस्थाको शाखा कार्यालय बीरगंजमा आयोजित कक्षा ९ र १० तथा कक्षा ११ र १२ का विद्यार्थीहरूले Commerce Olympiad कार्यक्रममा सहभागिता जनाएका

### ICAN Commerce Olympiad, ICAN Quiz and Elocution

संस्थाले २०७४ साल पौष २६ गते संस्थाको केन्द्रीय कार्यालय, ललितपुर र संस्थाको शाखा कार्यालय बीरगंजमा कक्षा ९ र १० का विद्यार्थीलाई क बर्गमा र कक्षा ११ र १२ का विद्यार्थीहरूलाई ख बर्गमा बिभाजित गरी Commerce Olympiad कार्यक्रम संचालन गरेको थियो । संस्थाले राष्ट्रिय स्तरको ICAN Commerce Olympiad नेपालमा पहिलो पटक आयोजना गरेको हो । यस कार्यक्रमको मुख्य उद्देश्य वाणिज्य विषयमा युवा विद्यार्थीहरूको ज्ञान र उल्लेखित विषयमा विद्यार्थीहरूको क्षमता परीक्षणका साथै वाणिज्य शिक्षाको महत्व बारेमा युवा विद्यार्थीहरूलाई ध्यानाकर्षण गराउनु रहेको थियो । यस प्रतियोगितामा क बर्ग अन्तर्गत गौतम सेकेन्डरी स्कूल, वीरगंजका विद्यार्थीहरूले प्रथम, द्वितीय र तृतीय स्थान हासिल गरेका थिए। ख बर्गमा हिमालयन ह्वाईट हाउस ईन्टरनेशनल सेकेन्डरी स्कूल, नयाँ बानेश्वरका विद्यार्थीहरूले प्रथम तथा तृतीय स्थान हासिल गरेका थिए भने ट्रिनिटी ईन्टरनेशनल कलेजका विद्यार्थीहरू द्वितीय स्थान प्राप्त गर्न सफल भएका थिए। कार्यक्रममा कूल ११ स्कूल तथा कलेजका ४९ जना विद्यार्थीहरूको सहभागिता रहेको थियो।

त्यसैगरी, संस्थाले मिति २०७४ साल पौष २८ गते चार्टर्ड एकाउन्टेन्सी अन्तिम तहमा अध्ययनरत विद्यार्थीहरू बीच ICAN Quiz and Elocution प्रतियोगिता आयोजना गऱ्यो। हाजिरी जवाफ तथा वक्तृत्वकला प्रतियोगितामा क्रमश: १७ र ९ जना विद्यार्थीहरूले भाग लिएका थिए। ती दुवै प्रतियोगिताका विजयीहरूले SAFA Quiz and Elocution Contest मा संस्थाको तर्फबाट प्रतिनिधित्व गरेका थिए।



ICAN Commerce Olympiad का सहभागीहरूका साथ संस्थाका अधिकारी।

विजयी विद्यार्थीहरूलाई SAFA Quiz and Elocution Contest, 2018 को अवसर पारेर २०७४ माघ १६ गते ICAN Commerce Olympiad, ICAN Quiz and Elocution का विजयीहरूलाई संस्थाका अध्यक्ष सिए. प्रकाश जंग थापा, उपाध्यक्ष सिए जगन्नाथ उपाध्याय (निरौला), निवर्तमान अध्यक्ष सिए. महेश खनाल तथा पूर्व अध्यक्ष सिए. प्रकाश लम्सालले पुरस्कार तथा प्रमाणपत्र वितरण गर्नु भएको थियो।

पुरस्कार वितरण कार्यक्रमलाई संबोधन गर्दै संस्थाका अध्यक्ष सिए. प्रकाश जंग थापाले विजयीहरूलाई बधाई दिनुहुँदै संस्था यस्ता कार्यक्रमहरूको माध्ययमबाट देश भित्र छरिएका क्षमतावान युवाहरूको पहिचान गर्न सहयोग पुग्ने धारणा व्यक्त गर्नु भएको थियो।

### महालेखापरीक्षकको कार्यालयमा अन्तरकृया कार्यक्रम

महालेखापरीक्षकको कार्यालयमा मिति २०७४ माघ ३ गते नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) तथा नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) को प्रभावकारी कार्यान्वयनको सम्बन्धमा एक दिने अन्तरकृया कार्यक्रम सम्पन्न

थिए । संस्थाले नेपालमा राष्ट्रिय स्तरको ICAN Commerce Olympiad पहिलो पटक आयोजना गरेको हो । यस कार्यक्रमको मुख्य उद्देश्य वाणिज्य विषयप्रति युवा विद्यार्थीहरूको बुझाई, प्रतिभाको खोजी र यस प्रति रूची अभिबृद्धि गर्नु गराउनु रहेको थियो ।

### ICAN Quiz and Elocution Contest

संस्थाले २०७४ साल पौष २८ मा नेपालमा पहिलो पटक चार्टर्ड एकाउन्टेन्सी अन्तिम तहमा अध्ययनरत विद्यार्थीहरू बीच हाजिरी जवाफ र वक्तृत्वकला प्रतियोगिता आयोजना गरेको थियो । प्रतियोगिता आयोजना गर्नुको उद्देश्य विद्यार्थीहरूलाई वित्तीय प्रतिवेदनमानको अध्ययन गर्न प्रेरित गर्नु र भविष्यमा वक्तृत्व क्षमता विकास गर्नु रहेको थियो ।

### प्रथम अन्तर्राष्ट्रिय सिए. विद्यार्थी सम्मेलन

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सहकार्यमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स विद्यार्थी संगठनले १७ मार्च २०१८ मा काठमाडौंमा आयोजना गरेको "Lead the Profession, Lead the Nation" विषय उपर पहिलो अन्तर्राष्ट्रिय सिए विद्यार्थी सम्मेलन सम्पन्न भएको छ । सम्मेलनमा सार्क मुलुक तथा स्वदेशका गरी ४०० भन्दा बढी विद्यार्थीहरूको उत्साहजनक सहभागिता रहेको थियो ।

### अन्तर्राष्ट्रिय सिए. विद्यार्थी सम्मेलनमा सहभागिता

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थामा CAP III तहमा अध्ययनरत ६ सदस्यीय विद्यार्थी प्रतिनिधि मण्डलले The Institute of Chartered Accountants of India (ICAI)ले भारतको पुणेमा १३ देखि १६ मार्च २०१८ सम्म आयोजना गरेको International Conference on "Nurturing Value and Integrity-Attaining Excellence in Personal Pursuit" मा सहभागिता जनायो । सो सम्मेलनमा संस्थाका विद्यार्थीहरूले कार्यपत्र समेत प्रस्तुत गरेका थिए ।

### छात्रबृत्ति

विगत १२ बर्ष देखि संस्थाले संस्थामा अध्ययनरत पिछडिएको वर्ग र उत्कृष्ट विद्यार्थीहरूलाई छात्रबृत्ति प्रदान गर्दै आएको छ । यसै सन्दर्भमा CAP I तहका १२६ विद्यार्थीहरूले आवेदन पेश गरेकोमा संस्थाले १७ जना विद्यार्थीहरूलाई पूर्ण तथा आंशिक छात्रबृत्ति प्रदान गरेको छ ।

## अन्तर्राष्ट्रिय गतिविधि

### अन्तर्राष्ट्रिय बैठक

अन्तर्राष्ट्रिय तथा क्षेत्रीय मञ्चहरू IFAC, CAPA SAFA ले आयोजना गरेको बैठकहरूमा संस्थाले आफ्नो सहभागिता जनाउँदै आएको छ । ती बैठकहरूमा लेखाव्यवसायसंग सम्बन्धित जटिल विषयवस्तुहरूमा केन्द्रित रहनुका साथै अन्तर्राष्ट्रिय स्तरमा कसरी पेशागत गुणस्तर अभिबृद्धि गर्न सकिन्छ भन्ने विषयमा छलफल हुने गरेको छ ।

### SAFA कार्यक्रम

संस्थाले चालू आर्थिक वर्षको छ महिनाको अन्तरालमा साफाको वार्षिक कार्यक्रम समेत दुई पटक कार्यक्रम सफलता पूर्वक आयोजना गर्‍यो । यस अबधिमा सातवटा समिति बैठकहरू, ५१ औं साफा बोर्ड बैठक र ८६ औं साफा एसेम्व्ली बैठक संचालन गरेको थियो ।

### अन्तर्राष्ट्रिय CFO सम्मेलन

संस्थाले काठमाडौंमा साफा कार्यक्रमको अवसर पारेर Evolving Economic Environment- Challenges and way forward विषय उपर अन्तर्राष्ट्रिय CFO सम्मेलन आयोजना गर्‍यो । सम्मेलनको उद्घाटन सम्माननीय उपराष्ट्रपति श्री नन्द बहादुर पुनले गर्नु भएको थियो । सो अवसरमा बिभिन्न निर्णयसँग सम्बन्धित कार्यपत्रहरू प्रस्तुत गरिएको थियो । सो सम्मेलनमा १०० भन्दा बढी साफा सदस्य राष्ट्रवाट र १७० भन्दा बढी स्वदेशी सहभागीहरूको सहभागिता रहेको थियो ।

### साफा उत्कृष्ट वार्षिक वित्तीय प्रतिवेदन पुरस्कार

साफा कार्यक्रमको अवसरमा २०१८ जनवरी ३१ मा साफा उत्कृष्ट वार्षिक वित्तीय प्रतिवेदन पुरस्कार २०१६ बाट विभिन्न १२ विधामा कूल ८४ वटा प्रतिष्ठानहरूलाई र ९ वटा प्रतिष्ठानहरूलाई SAARC Anniversary award for Corporate Governance Disclosure, 2016 पुरस्कार प्रदान गरियो ।

### SAFA Quiz and Elocution Contest

संस्थाले २०७४ माघ १६ गते काठमाडौंमा SAFA, IFAC, IAESB, CAPA का उच्च पदाधिकारीहरू तथा साफा लेखाव्यवसायी संस्थाका प्रतिनिधिहरूको उपस्थितिमा SAFA Quiz and Elocution Contest 2018 को आयोजना गरेको थियो । ती प्रतियागिताहरूमा साफा सदस्य राष्ट्रका लेखाव्यवसायी संस्थासंग आवद्ध ८ संस्थाका राष्ट्रिय स्तरमा विजयी सि.ए. फाइनल तहमा अध्ययनरत विद्यार्थीहरूको सहभागिता रहेको थियो । यस SAFA स्तरीय हाजिरी जवाफ प्रतियोगिता र वक्तृत्वकला प्रतियोगिताको दोस्रोपटक आयोजना गरिएको हो । साफा हाजिरी जवाफ प्रतियोगितामा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका विद्यार्थीद्वय श्री मनिक महर्जन र सुश्री साधना खत्रीले पहिलो स्थान प्राप्त गरेका थिए । प्रतियोगिता IAESB का अध्यक्ष Chris Austin को प्रमुख आतिथ्यमा आयोजना गरिएको थियो ।

### CIPFA संग समझदारी पत्र (MoU) मा हस्ताक्षर

संस्थाले The Chartered Institute of Public Finance and Accountancy (CIPFA) संग २०७४ साल माघ १७ गते (जनवरी ३१, २०१८) सम्माननीय उपराष्ट्रपति श्री नन्द बहादुर पुनज्यूको गरिमामय उपस्थितिमा समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको छ । संझौतामा संस्थाका सिए. र आरए (बी तथा सी वर्गका) सदस्यहरूलाई निर्धारित शर्त पूरा गरेमा CIPFA को सदस्यता प्रदान गर्न सकिने प्रावधान रहेको व्यहोरा सहर्ष जानकारी गराउन चाहन्छु ।

### CA ANZ संग आपसी मान्यता

संस्थाले ७ मार्च, २०१८ मा Chartered Accountants Australia & New Zealand (CA ANZ) संग अष्ट्रेलियामा समझदारी पत्रमा हस्ताक्षर सम्पन्न गरेको छ । संझौतामा संस्थाका चार्टर्ड एकाउन्टेन्ट सदस्यहरूले CA ANZ को आवश्यक शर्त पूरा गरेको खण्डमा सो संस्थाको सदस्यता प्राप्त गर्न सक्ने प्रावधान रहेको छ ।

### बैदेशिक ईकाई (Foreign Chapter) को स्थापना

संस्थाले बैदेशिक ईकाईको रूपमा ७ मार्च २०१८ मा अष्ट्रेलियामा पहिलो र २४ मार्च २०१८ मा अमेरिकामा दोस्रो बैदेशिक ईकाईको स्थापना गरेको जानकारी गराउन चाहन्छु । यी ईकाईहरूको माध्यमबाट विदेशमा रहेका संस्थाका सदस्यहरूलाई आपसमा भेटघाट, व्यावसायिक विषयहरू उपर छलफल, अनुभव आदान प्रदान आदि कुरामा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

### ICAEW, CIPFA र AICPA संग बैठक

मेरो नेतृत्वको प्रतिनिधि मण्डलले Institute of Chartered Accountants of England and Wales (ICAEW) का प्रतिनिधिहरूसंग १९ र २० मार्च २०१८ मा लण्डनमा भएको बैठकमा ICAN को CA Course लाई ICAEW को पाठ्यक्रम अनुसार बनाउने, पाठ्यसामग्रीहरूको पुनरावलोकन गर्ने र परीक्षा प्रणाली तथा तत्सम्बन्धी प्रकृया लगायत सदस्यता प्राप्ति प्रकृयामा सहजीकरण गर्ने र गुणस्तर आश्वस्तता आदि विषयमा छलफल गरिएको थियो ।

यसैगरी, प्रतिनिधि मण्डलले २१ मार्च २०१८मा Chartered Institute of Public Finance and Accountancy (CIPFA) का प्रतिनिधिहरूसंग लण्डनमा बसेको बैठकमा नेपालमा सार्वजनिक वित्त व्यवस्थापनको विकासको कार्य योजना, सदस्यता प्राप्ति व्यवस्था, क्षमता अभिबृद्धि आदिका सन्दर्भमा छलफल गरेको थियो ।

साथै, २६ मार्च २०१८मा अमेरिकामा Association of International Certified Professional Accountants (AIPCA) का प्रतिनिधिहरूसंगको बैठकमा AIPCA को शिक्षा प्रणाली, परीक्षा प्रणाली, सदस्यता प्राप्ति प्रकृया, दुई संस्था बीच प्राविधिक सहयोगका संभावित क्षेत्र, समकक्षता आदि सम्बन्धमा छलफल भएको थियो ।

### सदस्य सेवा तथा व्यावसायिक विकास

### ICAN E-News को थालनी

मैले संस्थाको नेतृत्व सम्हाल्दा व्यक्त गरेको प्रतिवद्धता अनुरूप संस्थाका सदस्य, विद्यार्थी लगायत अन्य सरोकारवालाहरूलाई संस्थाका गतिविधिहरू तथा लेखाव्यावसायका क्षेत्र तथा आर्थिक परिदृष्यमा भएका घटनाहरूको समयमै जानकारी उपलब्ध गराउने उद्देश्यका साथ ICAN E-News सेवाको जनवरी १, २०१८ बाट थालनी गरिएको छ । यसको थालनीबाट संस्थाका सदस्यहरू, विद्यार्थीहरू तथा अन्य सरोकारवालाहरूलाई समयमै संस्थाका विविध कृयाकलाप सम्बधी जानकारी प्राप्त हुने मैले विश्वास लिएको छु ।

मेरो कार्यकालको अन्तिम त्रैमासिक नजिक आईपुग्दासम्म मैले पार्षद मित्रहरू, सदस्यहरू,विद्यार्थीबर्ग र अन्य सरोकारवालाहरूबाट आवश्यक सहयोग प्राप्त भएको र बाँकी अवधीमा पनि सोही मुताविक यहाँहरूबाट सहयोग प्राप्त हुने कुरामा म पूर्णरूपमा आशावादी छु । यस परिषदले अझै केही महत्वपूर्ण कामहरू गर्न बाँकी रहेका छन् । बाँकी कामहरू पूरा गर्न पार्षद मित्रहरू लगायत अन्य सरोकारवालाहरूबाट आवश्यक सहयोग प्राप्त गर्ने कुरामा म विश्वस्त छु । म संस्थाको रणनैतिक योजनालाई अन्तिम रूप दिन, सिए. कार्यक्रमको पाठ्यक्रम परिमार्जन गर्ने, Online भुक्तानीको व्यवस्था मिलाउने आदि कार्यहरूमा केन्द्रित रहने छु ।

अन्तमा, सबै मित्रहरू, सदस्यहरू, कर्मचारी तथा विद्यार्थी र तिनका परिवारलाई नयाँ वर्ष २०७५को शुभकामना व्यक्त गर्दछु ।

सिए. प्रकाश जंग थापा
अध्यक्ष

भयो । सो कार्यक्रममा संस्था लगायत अर्थ मन्त्रालय, महालेखापरीक्षकको कार्यालय, महालेखा नियन्त्रकको कार्यालय, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रार को कार्यालय, धितोपत्र बोर्ड, नेपाल लेखामान बोर्ड तथा नेपाल लेखापरीक्षणमान बोर्डका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । सो अन्तरकृया कार्यक्रममा नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) तथा नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) कार्यान्वयनमा देखिएको कठिनाईहरूको बारेमा विस्तृत छलफल भएको थियो । सहभागी निकायका प्रतिनिधिहरूले सो प्रतिवेदनमानहरूको कार्यान्वयन गराउन प्रतिबद्धता व्यक्त गर्नु भयो । कार्यक्रममा संस्थाका तर्फबाट अध्यक्ष सिए प्रकाश जंग थापा, उपाध्यक्ष सिए जगन्नाथ उपाध्याय (निरौला) र पूर्व अध्यक्ष सिए प्रकाश लम्साल सहभागी हुनु भएको थियो ।

## साफा स्तरीय हाजिरी जवाफ र वक्तृत्वकला प्रतियोगिता (SAFA Quiz and Elocution Contest)

संस्थाले २०७४ माघ १६ गते काठमाडौंमा SAFA, IFAC, IAESB, CAPA तथा अन्य लेखा व्यवसायी संस्थाका प्रतिनिधिहरूको उपस्थितिमा SAFA Quiz and Elocution Contest 2018 को संचालन गरेको थियो । ती प्रतियागिताहरूमा साफा सदस्य राष्ट्रका लेखाव्यवसायी संस्थासंग आबद्ध ८ संस्थाका राष्ट्रिय स्तरमा विजयी सि.ए. फाइनल तहमा अध्ययनरत विद्यार्थीहरूको सहभागिता रहेको थियो । साफा स्तरीय हाजिरी जवाफ र वक्तृत्वकला प्रतियोगितामा क्रमश: १६ र १५ जनाको सहभागिता रहेको थियो । यो कार्यक्रम नेपालमा पहिलो पटक तथा सार्क क्षेत्रमा दोस्रो पटक आयोजना भएको हो । यस SAFA स्तरीय हाजिरी जवाफ प्रतियोगितामा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थामा अध्ययनरत विद्यार्थीहरूले पहिलो स्थान र The Institute of Chartered Accountants of Pakistan (ICAP) का विद्यार्थीहरूले द्वितीय स्थान प्राप्त गरेका थिए । त्यसैगरी, वक्तृत्वकला प्रतियोगितामा The Institute of Chartered Accountants of India(ICAI) विद्यार्थीहरूले प्रथम र द्वितीय स्थान र The Institute of Chartered Accountantof Bangladesh (ICAB) का विद्यार्थी तृतीय स्थान प्राप्त गर्न सफल भए । कार्यक्रमका विजेताहरूलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको थियो । प्रतियोगिताका निर्णायक मण्डलमा CIPFA का अध्यक्ष, IFAC का कार्यकारी निर्देशक, SAFA Committee on Education, Training का सभापति, IAESB का सदस्य, संस्थाका पूर्व अध्यक्ष तथा बोर्ड अफ स्टडिजका सभापति एवं CAPA का बोर्ड डाईरेक्टर रहनु भएको थियो ।

## साफा कमिटि, बोर्ड तथा एसेम्ली बैठक

संस्थाको आयोजनामा यही २०७४ माघ १६ गते साफाको निम्न सातवटा बैठकहरू संचालन गरिएको थियो ।

| Committee | Committee |
|---|---|
| Committee on Education, Training and CPD | Committee to study Fiscal regimes and other statutory requirements of business in SAARC countries |
| Committee on Professional Accountants in Business | Committee on Auditing Standards and Quality Control |
| International Relations Committee | Small and Medium Practice (SMP) Committee |
| Committee for Improvement in Transparency, Accountability and Governance (ITAG) | |

उपरोक्त बैठकहरूमा लेखा तथा लेखापरीक्षणको गुणस्तरीयता, लेखा तथा लेखापरीक्षणको क्षेत्र, सुशासन, सार्क क्षेत्रमा सि.ए कोर्षमा एकरूपता आदिका बारे छलफल भएको थियो । साफा सदस्य राष्ट्रका प्रतिनिधिहरूले बैठकमा भाग लिएका थिए ।


साफा बोर्ड तथा कमिटि बैठकमा सहभागीहरूको सामूहिक तस्विर ।

त्यसैगरी, माघ १८ गते ५१ औं साफा बोर्ड बैठक र ८६ औं एसेम्ली समेतको आयोजना गरिएको थियो । बैठकमा साफा सदस्य राष्ट्रका प्रतिनिधिहरूको साथै IFAC, CIPFA, CAPA, World Bank का प्रतिनिधिहरूको समेत सहभागिता रहेको थियो । यी बैठकहरूमा संस्थाका कर्मचारीहरूले सहजकर्ताको भूमिका निर्वाह गरेका थिए ।

## SAFA International CFO Conference, 2018

संस्थाले २०७४ माघ १७ गते काठमाडौंमा SAFA International CFO Conference on Evolving Economic Environment- Challenges and Way Forward विषय उपर आयोजित एक दिने सम्मेलनको उद्घाटन सम्माननीय उपराष्ट्रपति श्री नन्द बहादुर पुनज्यूले द्वीप प्रज्वलन गरी गर्नु भएको थियो ।


सम्माननीय उपराष्ट्रपति श्री नन्द बहादुर पुन सम्मेलनको उद्घाटन गर्नु हुँदै ।

सो सम्मेलनमा ३०० भन्दा बढी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिनिधिहरूले सहभागिता जनाएका थिए । सम्मेलनमा विभिन्न तीन शीर्षकमा स्वदेशी तथा विदेशी श्रोत व्यक्तिहरूले आ आफ्नो कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

| Technical Sessions 1 | Technical Sessions 2 | Technical Sessions 3 |
|---|---|---|
| Topic:<br>Are CFO Ready?<br>Chair/ Moderator<br>• Mr. Chris Austin, Chairman of International Accounting Education Standard Board (IAESB)<br>Panelists<br>• Mr. Manil Jayasinge, Vice President, ICA Sri Lanka and Board Member, IFAC Educational Standard Board<br>• CMA Sanjay Gupta, President, Institute of Cost Accountants of India<br>• CA. Gyanendra Dhungana, Past Council Member/ ICAN, President, Nepal Banker's Association & CEO, Nepal Bangladesh Bank Ltd.<br>• Mr. Khalilullah Shaikh, Council member/ Chairman PAIB Committee of ICA Pakistan and Member, IFAC, PAIB Committee | Topic:<br>Ensuring Corporate Governance- Role of CFO's,<br>Chair/ Moderator<br>• MS. Alta Pronsloo, Executive Director of Quality & Development, International Federation of Accountants (IFAC )<br>Panelists<br>• Mr. Arif Khan FCMA, Council Member & Past President/ ICMA Bangladesh and CEO & Managing Director, IDLC Finance Limited, Bangladesh<br>• CA. Kaushalendra K. Singh, Past President, ICAN,<br>• CA. MP Vijay Kumar, Central Council Member ICA India | Topic:<br>Role of CFO's in Technical transformation<br>Chair/ Moderator<br>• Mr. ASM Nayeem, Immediate Past President of South Asian Federation of Accountants (SAFA)<br>Panelists<br>• Mr. Dewan Nurul Islam FCA, President of the Institute of Chartered Accountants of Bangladesh (ICAB)<br>• Mr. Muhammad Zarif Ludin, Program Manager, Treasury Dept, Ministry of Finance, Afghanistan<br>• Mr Adrian Perera, Council Member, CMA Sri Lanka |

### “आइक्यान मार्ग” नामाकरण

संस्थाले आफ्नो एक्काइसौं वार्षिकोत्सवको अवसरमा मिति २०७४ माघ १७ गते संस्थाको सातदोबाटो, स्थित केन्द्रीय कार्यालय अगाडि रहेको कनिबहाल सिंचाहिटी देखि चक्रपथ सम्मको सडकलाई ललितपुर महानगरपालिकाको स्वीकृतिमा “आइक्यान मार्ग” (ICAN Marg) नामाकरण गर्‍यो । संस्थाका अध्यक्ष सिए. प्रकाश जंग थापा र ललितपुर महानगरपालिका वडा नं. १५ का प्रतिनिधिले संयुक्तरूपमा उक्त मार्गको उद्घाटन गर्नु भएको थियो । सो उद्घाटन कार्यक्रममा संस्थाका पार्षदहरू, पूर्व अध्यक्षज्यूहरू, महानगरीय प्रहरी वृत्त सातदोबाटोका प्रहरी नायब उपरीक्षक, कर्मचारीहरू, सर्वसाधारण तथा अन्य सरोकारवालाहरूको उपस्थिति रहेको थियो ।

### SAFA Best Presented Annual Report Awards, 2016 / SAARC Anniversary for Corporate Governance Disclosure Ceremony, 2016

२०७४ माघ १७ गते वित्तीय प्रतिवेदनमान तथा लेखा परीक्षणमानहरूको आधारमा दक्षिण एशियाली मुलुकका प्रतिष्ठानहरूले तयार पारेका उत्कृष्ट वित्तीय प्रतिवेदनहरूलाई SAFA Best Presented Annual Report Awards द्वारा पुरस्कृत गरियो । विभिन्न १३ विधामा प्रदान गरिएको उक्त अवार्डहरूका समग्र विजेतामा (Overall Winner) बंगलादेशको IDLC Finance Limited लाई प्रदान गरिएको थियो । पुरस्कार वितरण समारोहको अवसरमा विभिन्न विधामा कुल ९३ बटा अवार्डहरू प्रदान गरिएको थियो । सो कार्यक्रमका प्रमुख अतिथि माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा (दंगाल)ज्यू, विशेष अतिथि अर्थ सचिव श्री शंकर प्रसाद अधिकारीज्यू, साफा अध्यक्ष सिए सुबोध कुमार कर्ण, CAPA अध्यक्ष श्री मनोज फड्नीस तथा संस्थाका अध्यक्ष सिए प्रकाश जंग थापाले अवार्ड प्रदान गर्नु भएको थियो ।

### संस्थाको २१ औं वार्षिकोत्सव

२०७४ माघ १७ गते संस्थाको २१औं वार्षिकोत्सव भव्यताकासाथ मनाइयो । प्रमुख अतिथि माननीय महालेखापरीक्षक टंकमणी शर्मा (दंगाल) ज्यूले कार्यक्रमको बिधिवत समुद्घाटन गर्नु भएको थियो । उक्त कार्यक्रममा संस्थाका अध्यक्षले सस्थाको आर्थिक वर्ष २०७६/७७ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो । त्यसैगरी माननीय महालेखापरीक्षकज्यूले संस्थाले प्राप्त गरेको उपलब्धीहरूको प्रशंसा गर्दै संस्थाले गर्नु पर्ने कामहरू अझै बाँकी रहेको धारणा राख्नु भएको थियो ।



संस्थाको वार्षिक उत्सव समारोहमा सम्बोधन गर्नु हुँदै समारोहका प्रमुख अतिथि माननीय महालेखापरीक्षक श्री टंकमणी शर्मा (दंगाल) ।

सो अवसरमा संस्थाका चौथो परिषद्का अध्यक्षहरू सिए. रत्न राज बज्राचार्य र सिए. टंक प्रसाद पनेरूलाई दोसल्ला ओढाई सम्मान पत्रप्रदान गरिएको थियो ।

सोही अवसरमा कार्यक्रमका प्रमुख अतिथिबाट डिसेम्बर २०१६ र जुन २०१७ को सिए परीक्षामा सर्वोत्कृष्ट अंक ल्याई उत्तीर्ण हुने बिद्यार्थीहरूलाई पदक कोषका संस्थापकहरूको समुपस्थितिमा पदक तथा प्रमाणपत्र प्रदान गरिएको थियो ।

सोही अवसरमा कार्यक्रमका प्रमुख अतिथिबाट वार्षिक कार्यसम्पादन मूल्याङ्कनको आधारमा संस्थाका तीन जना कर्मचारीहरू समिता डंगोल, आमोद खनाल र अनीमा महर्जनलाई उत्कृष्ट कर्मचारीको रूपमा नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको थियो ।

सेप्टेम्बर २०१६ देखि जून २०१७ सम्म संस्थाले त्रैमासिक रूपमा प्रकाशन गरेको नेपाल चार्टर्ड एकाउन्टेन्ट जर्नलमा प्रकाशित लेखहरू मध्ये सम्पादन समितिको मूल्याङ्कनको आधारमा श्री तुला राज बस्यालको लेख “Challenges of Regulating Liquidity in the Banking System” लाई वर्षको उत्कृष्ट लेखको रूपमा प्रमाणपत्र प्रदान गरिएको थियो ।

त्यस्तै, धेरै संख्यामा चार्टर्ड एकाउन्टेन्टहरूलाई रोजगार प्रदान गरी चार्टर्ड एकाउन्टेन्ट शिक्षाको महत्वलाई प्रोत्साहन गरेकोमा NIC Asia Bank Ltd. लाई कार्यक्रममा प्रमाणपत्र प्रदान गरिएको थियो ।

संस्थाका उपाध्यक्ष सिए. जगन्नाथ उपाध्याय निरौलाले कार्यक्रमका सहभागीहरूलाई धन्यवाद ज्ञापन गरी कार्यक्रम समापन भएको घोषणा गर्नु भएको थियो ।

### CIPFA संग समझदारी पत्र (MoU) मा हस्ताक्षर

परिषदको २२१औं बैठकको निर्णय बमोजिम संस्था र बेलायतको The Chartered Institute of Public Finance and Accountancy (CIPFA) बीच २०७४ साल माघ १७ गते (जनवरी ३१, २०१८) मा सम्माननीय उपराष्ट्रपति श्री नन्द बहादुर पुनज्यूको उपस्थितिमा संस्थाको तर्फबाट अध्यक्ष सिए प्रकाश जंग थापा र CIPFA को तर्फबाट अध्यक्ष एन्ड्रियु बर्न्सले समझदारी पत्रमा हस्ताक्षर गरी सम्झौता पत्र आदान प्रदान गर्नु भयो ।



CIPFA संग भएको संझौतापत्र आदान प्रदानको दृष्य ।

यसबाट संस्थाले नेपालको सार्वजनिक वित्त व्यवस्थापनलाई थप सुदृढ गर्न र लेखा व्यवसायीको भूमिकालाई दृष्टिगत गर्दै एक अर्काको व्यावसायिक स्रोत र साधनहरूबाट लाभ लिने तथा संस्थाका सदस्यहरूलाई CIPFA को सदस्यता समेत दिने उद्देश्यले CIPFA सँग समझदारी भएको हो । CIPFA को विशेषज्ञता तथा अन्तर्राष्ट्रिय अनुभव र यस संस्थासँगको सहकार्यले नेपालको सार्वजनिक वित्त व्यवस्थापनलाई थप उचाईमा पुर्‍याउने अपेक्षा गरिएको छ ।

### सार्वजनिक वित्त व्यवस्थापनमा व्यवसायीहरुको भूमिकाबारे अन्तरकृया कार्यक्रम

यस संस्था र CIPFA बीच भएको समझदारीपत्रको महत्व लाई प्रकाश पार्ने उद्देश्यले Role of Professionals in Public Finance Management विषयमा संस्था र PEFA सचिवालयको संयुक्त आयोजनामा २०७४ माघ १९ गते रेडिशन होटल, काठमाडौंमा एक अन्तरकृया कार्यक्रमको आयोजना गरियो । उक्त कार्यक्रममा यस संस्था लगायत अर्थ मन्त्रालय, महालेखापरीक्षकको कार्यालय, महालेखा नियन्त्रकको कार्यालय, आन्तरिक राजस्व विभाग, CIPFA, IFAC, लेखामान वोर्ड, लेखापरीक्षणमान वोर्ड तथा दातृ निकाय लगायत संस्थाहरूका प्रतिनिधिहरूको सहभागिता थियो । यस कार्यक्रममा सार्वजनिक वित्त व्यवस्थापनको विकास र विस्तारमा लेखा विशेषज्ञहरूको भूमिका र सम्बद्ध पक्षहरूको तयारीलाई अझ प्रोत्साहन गर्ने विषयमा छलफल भएको थियो । वित्तीय गतिविधिहरूको संचालन प्रकृया (Operating Procedure) तयार गरी लेखा विशेषज्ञहरूले सार्वजनिक वित्त व्यवस्थापनलाई अन्य मुलुकको परिप्रेक्षमा नेपालमा पनि यसको अवधारणालाई सम्बद्ध पक्षहरूमा जानकारी गराउन समेत यस कार्यक्रमको आयोजना गरिएको थियो ।

### Accounting & Auditing Standards Board of Bhutan का प्रतिनिधिहरुसंग भेटघाट

२०७४ माघ १९ गते Accounting & Auditing Standards Board of Bhutan का दुई जना प्रतिनिधिहरू Mr. Tshering Dorji र Ms. Kinzang Wangmo ले संस्थाका अध्यक्ष, उपाध्यक्ष, कार्यकारी निर्देशकसंग भेटघाट गर्नुभयो । भेटको अवसर मा वहाँहरूलाई संस्था र लेखामान बोर्डको संरचना, NFRS तयारी तथा सो को कार्यान्वयनको प्रकृया लगायत विषयमा नेपालमा भएका प्रगतीका बारेमा जानकारी गराईएको थियो ।

### कम्पनी रजिस्ट्रारसंग भेट तथा छलफल

संस्थाका अध्यक्ष सिए. प्रकाश जंग थापाको नेतृत्वमा, उपाध्यक्ष सिए. जगन्नाथ उपाध्याय निरौला, पूर्व अध्यक्ष सिए. प्रकाश लम्साल र कार्यकारी निर्देशक सिए. सन्जय कुमार सिन्हाले २०७४ माघ २२ गते कम्पनी रजिस्ट्रार तथा कार्यालयका पदाधिकारीहरूसंग भेट तथा छलफल गर्नु भयो । उक्त भेटमा संस्थाले उद्योग तथा व्यापारिक प्रतिष्ठानहरूको लागि संस्थाले लागू गरिसकेको NFRS को पालना र कार्यन्वयन गर्न गराउन संयुक्त रूपमा अगाडि बढ्ने र नियमित रूपमा संयुक्त बैठक बसी नियमनकारी निकायहरू बीच आवश्यक छलफल गर्ने प्रतिबद्धता जनाईएको थियो ।

### विश्व बैंकका प्रतिनिधिहरुसंग बैठक

संस्थाका अध्यक्ष सिए. प्रकाश जंग थापाको नेतृत्वमा, उपाध्यक्ष सिए. जगन्नाथ उपाध्याय निरौला, र कार्यकारी निर्देशक सिए. सन्जय कुमार सिन्हाले २०७४ फाल्गुण ३ गते विश्व बैंकका प्रतिनिधिहरूसंग बैठक बसेको थियो । बैठकमा संस्थाका अध्यक्ष सिए. प्रकाश जंग थापाले संस्थाको स्थापना र कानूनी मान्यता, कार्य पद्धति, संस्थाका सदस्य तथा विद्यार्थीहरूका सीप विस्तार, पाठ्यक्रममा समावेश गरिएका विषय, सरकारी निकायहरूसंगको सहकार्य, संस्था विकासका साझेदारहरू र CIFPA लगायत अन्य संस्थाहरूसंगकोसम्बन्धका बारेमा जानकारी गराउनु भएको थियो ।

विश्वबैंकसंगको सहकार्य र समन्वयलाई फराकिलो पारी संस्थाको पाठ्यक्रमको थप विकास र सार्वजनिक वित्त व्यवस्थापनको क्षेत्रलाई मजबूत बनाउने आदि विषय उपर बैठक केन्द्रित रहेको थियो ।

### कम्पनी रजिस्ट्रार कार्यालयका अधिकारहिरुसंगको बैठक

संस्थाका कार्यकारी निर्देशक सिए. सन्जय कुमार सिन्हाको नेतृत्वमा र सह निर्देशक सिए. किरण कुमार खत्रीले मिति २०७४ फाल्गुण ११ गते कम्पनी रजिस्ट्रार कार्यालयका पदाधिकारीहरूसंग बैठक गर्नु भयो । बैठकमा संस्थाका कार्यकारी निर्देशकले संस्थाले जारी गरेको NFRS र कम्पनी रजिस्ट्रार कार्यालय अन्तर्गत दर्ता भएका कम्पनीहरूमा NFRS लागु सम्बन्धमा जानकारी गराउनु भएको थियो ।

### त्रिभुवन विश्वविद्यालयमा सम्पन्न अन्तरकृया कार्यक्रममा सहभागिता

संस्थाका कार्यकारी निर्देशक सिए. सन्जय कुमार सिन्हाको नेतृत्वमा उप निर्देशक सिए. गौरव श्रेष्ठले त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्रले मिति २०७४ फाल्गुण २१ गते आयोजना गरेको अन्तरकृया कार्यक्रममा भाग लिनु भयो । सो कार्यक्रममा चार्टर्ड एकाउन्टेन्सी कोर्षको समकक्षताको विषयमा छलफल भएको थियो ।

### एशियाली विकास बैंक सँगको सम्झौताको म्याद थप

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था तथा एशियाली विकास बैंक (ADB) बीच ३ अप्रिल २०१५ मा भएको Audit Quality Assurance System Roadmap सम्बन्धी समझदारी पत्र (MoU) बमोजिमका कार्यहरू सम्पन्न गर्न थप समयको आवश्यकता देखिएकोले ICAEW को सिफारिसमा सम्झौताको अवधि ३० जून २०१९ सम्म थप गरिएको छ ।

### संस्थागत सुशासन पालनाको सम्बन्धमा लेखापरीक्षकको प्रतिवेदन

आफ्नो व्यावसायिक पहिचान अभिबृद्धि गर्ने प्रयास स्वरूप संस्थाले विभिन्न नियमनकारी निकायहरूसँग समन्वय गर्दै आएको छ । यस सन्दर्भमा संस्थाले नेपाल धितोपत्र बोर्डका पदाधिकारीहरूसँग विभिन्न चरणमा छलफल तथा बैठक गरी धितोपत्र बोर्डले सूचिकृत कम्पनीहरूको लागि जारी गरेको संस्थागत सुशासन निर्देशनमा तोकिएका निर्देशनहरूको पालना सम्बन्धी लेखापरीक्षकले प्रतिवेदन प्रमाणित गर्नु पर्ने नियमको कार्यान्वयन गर्न गराउन सहमत भएका छन् । निर्देशन अनुसार सूचिकृत कम्पनीहरूले ऐन, नियम र नियमनकारी निकायहरूले जारी गरेका परिपत्रहरूको पालनाको अवस्थालाई वार्षिक प्रतिवेदनमा उल्लेख गरी लेखा परीक्षकबाट प्रमाणित गराउनु पर्नेछ ।

### नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था र Chartered Accountants Australia and New Zealand(CA ANZ) बीच समझदारीपत्रमा हस्ताक्षर

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले बिभिन्न लेखाव्यवसायिक संस्थावाट मान्यता प्राप्त गर्न गरिएको निरन्तर प्रयासको फलस्वरूप २०७४ फाल्गुण २३ गते अष्ट्रेलियामा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था र Chartered Accountants Australia and New Zealand(CA ANZ) बीच एक अर्को संस्थाको सदस्यता प्राप्त गर्न सक्ने सम्बन्धी संझौता पत्रमा हस्ताक्षर सम्पन्न भयो ।

संस्थाको तर्फबाट अध्यक्ष सिए. प्रकाश जंग थापा र CA ANZ का प्रमुख कार्यकारी अधिकृत Mr Rick Ellis ले उक्त संझौता पत्रमा हस्ताक्षर गर्नु भएको थियो । सो हस्ताक्षर कार्यक्रममा CA ANZ का अध्यक्ष Ms. Jane Stanton, संस्थाका पार्षदहरू सिए. भवनाथ दहाल, आरए. गणेशराज राई र श्री बाबुराम गौतमको उपस्थिति रहेको थियो ।

यस समझदारी पत्र अनुसार ICAN तथा CA ANZ का चार्टर्ड एकाउन्टेन्ट सदस्यहरूले एक अर्को संस्थाको सदस्यताको लागि तोकिएको शर्त तथा प्रक्रियाको पालना गरेपछि प्राप्त गर्न सक्नेछन् । ICAN का सदस्यहरूले एक मात्र विषय "Financial Accounting & Reporting" को परीक्षा उत्तीर्ण गर्नुपर्ने र यसको लागि नेपालबाटै वा अन्य स्थानबाट पनि परीक्षामा सामेल हुन सकिनेछ ।

### ICAN को Australian Chapter स्थापना

अष्ट्रेलियाको सिड्नीमा आयोजित एक विशेष समारोहका बीच ७ मार्च २०१८ मा ICAN ले आफ्नो प्रथम बैदेशिक च्याप्टरको रूपमा Australian Chapter को स्थापना गरेको छ । च्याप्टर उद्घाटन समारोहलाई सम्बोधन गर्नुहुँदै संस्थाका अध्यक्ष सिए प्रकाश जंग थापाले अष्ट्रेलियामा रहेका संस्थाका सदस्यहरूको हित तथा आइक्यानको अन्तर्राष्ट्रिय उपस्थितिको लागि पहिलो Chapter को रूपमा Australian Chapter स्थापना गरेको बताउनुभयो । वहाँले यस्तो किसिमको फोरमले विदेशमा रहेका सदस्यहरूलाई भेटघाट गर्ने, व्यावसायिक विषयहरूमा छलफल तथा बहस गर्ने, विशेषज्ञता आदान प्रदान गर्ने र CPD तालिम आयोजना गर्ने, विदेश स्थित सदस्यहरू र संस्थाबीच सम्पर्क बिन्दुको कार्य गर्ने र व्यावसायिक हितका अन्य कार्यहरूमा मद्दत पुग्ने विश्वास व्यक्त गर्नु भयो ।

### महालेखापरीक्षक कार्यालयमा भएको बैठक

CIPFA र अन्य सरोकारवालाहरूको सहयोगमा महालेखापरीक्षक कार्यालयले संस्थासंग सहकार्यको माध्ययमबाट सार्वजनिक क्षेत्रको वित्तीय व्यवस्यापनलाई थप सुदृढ बनाउने विषयमा बैठक केन्द्रित रहेको थियो । काठमाडौंमा ११ देखि १३ मे २०१८ मा तय भएको CAPA बैठकमा दक्षिण एशियाली राष्ट्रहरूको महालेखापरीक्षकको कार्यालयको उच्च स्तरीय बैठक आयोजना सम्भाव्यता वारेमा समेत छलफल भएको थियो । बैठकमा संस्थाको तर्फबाट अध्यक्ष सिए. प्रकाश जंग थापा, निवर्तमान अध्यक्ष सिए. महेश खनाल र कार्यकारी निर्देशक सिए. संजय कुमार सिन्हाले भाग लिनु भएको थियो ।

### ICAN को US Chapter स्थापना सम्बन्धमा

अमेरिकाको भर्जिनियामा आयोजित एक विशेष समारोहका बीच संस्थाले आफ्नो दोस्रो बैदेशिक च्याप्टरको रूपमा २४ मार्च २०१८ मा US Chapter को स्थापना गरेको छ । च्याप्टर उद्घाटन समारोहलाई सम्बोधन गर्नु हुँदै संस्थाका अध्यक्ष सिए प्रकाश जंग थापाले अमेरिकामा रहेका सदस्यहरूको हित तथा संस्थाको अन्तर्राष्ट्रिय क्षेत्रमा उपस्थिति जनाउने अभिप्रायले US Chapter स्थापना गरेको बताउनु भयो । सो समारोमा संस्थाका निवर्तमान अध्यक्ष, सिए. महेश खनाल, पूर्व अध्यक्ष एवं वोर्ड अफ स्टडिजका समापति सिए. प्रकाश लम्सालले समेत आफ्नो धारणा राख्नु भएको थियो ।

च्याप्टर स्थापनाले विदेशमा रहेका संस्थाका सदस्यहरूबीच भेटघाट तथा सम्बन्ध कायम राख्न, व्यावसायिक विषयहरूमा छलफल गर्न, विशेषज्ञता आदान प्रदान गर्न, CPD तालिम आयोजना गर्न, विदेश स्थित सदस्यहरू र संस्थाबीच सम्पर्क बिन्दुको रूपमा कार्य गर्न र व्यावसायिक हितका अन्य कार्यहरू गर्नलाई मद्दत पुग्ने संस्थाले विश्वास लिएको छ ।

### ICAEW, CIPFA र AICPA संग बैठक

संस्थाको उच्च स्तरीय प्रतिनिधि मण्डलले बिभिन्न मितिमा CIPFA, ICAEW र AICPA संस्थाहरूका प्रतिनिधिहरूसंग भिन्ना भिन्नै स्थानमा आयोजित बैठकहरूमा सहभागिता जनाएका थिए ।

संस्थाका प्रतिनिधिहरूले Institute of Chartered Accountants of England and Wales (ICAEW) का प्रतिनिधिहरूसंग १९ र २० मार्च २०१८ मा ICAN को CA Course लाई ICAEW को पाठ्यक्रम अनुसार बनाउने, पाठ्यसामग्रीहरूको पुनरावलोकन गर्ने र परीक्षा प्रणाली र प्रकृयाको लगायत सदस्यता प्राप्ति प्रकृयामा सहजीकरण गर्ने, र गुणस्तर आश्वस्तता आदि विषयमा छलफल भएको थियो ।

त्यस्तै, २१ मार्च २०१८मा सो प्रतिनिधि मण्डलले Chartered Institute of Public Finance and Accountancy (CIPFA) का प्रतिनिधिहरूसंग बसेको बैठकमा नेपालमा सार्वजनिक वित्त व्यवस्थापनको विकासको कार्य योजना, सदस्यता प्राप्ति व्यवस्था, क्षमता अभिबृद्धि आदिका सन्दर्भमा छलफल गरेको थियो ।

त्यसैगरी, २६ मार्च २०१८मा उक्त प्रतिनिधि मण्डलले Association of International Certified Professional Accountants (AICPA) का

प्रतिनिधिहरूसंगको बैठकमा AICPA को शिक्षा प्रणाली, परीक्षा प्रणाली, सदस्यता प्राप्ति प्रकृया, दुई संस्था बीच आपसी सहयोगका संभावित क्षेत्रका सम्बन्धमा समेत छलफल गरेको थियो ।

संस्थाको नेतृत्व अध्यक्ष सिए. प्रकाश जंग थापाले गर्नुभएको प्रतिनिधि मण्डलमा निवर्तमान अध्यक्ष सिए. महेश खनाल, पूर्व अध्यक्ष एवं बोर्ड अफ स्टडिज का सभापति सिए. प्रकाश लम्साल रहनु भएको थियो ।

### कम्पनी रजिष्ट्रार कार्यालयको बैठकमा सहभागिता

कम्पनी रजिष्ट्रार कार्यालयले बिभिन्न नियमनकारी निकायहरूको उपस्थितिमा आयोजना गरेको बैठकमा संस्थाको तर्फबाट कार्यकारी निर्देशक सिए. संजय कुमार सिन्हाले सहभागिता जनाउनु भयो । उक्त बैठक आवश्यक सहकार्यको आधारमा बिभिन्न ऐन तथा नियमहरूको पालनाका सम्बन्धमा केन्द्रित रहेको थियो ।

### कर्मचारी तालिम

संस्थाले आफ्ना कर्मचारीहरूको क्षमता अभिबृद्धि गर्ने उद्देश्यले २०७४ पौष १४ र १५ गते Achieving Organizational Effectiveness & Organization and Management विषयक दुई दिने तालिम संस्थाको सातदोबाटो स्थित भवनमा आयोजना गर्‍यो । संस्थाको कार्य संचालनको लागि उपयुक्त हुने विषयबस्तु समेटी आयोजित उक्त तालिममा संस्थाका अधिकांश कर्मचारीहरूको सहभागिता रहेको थियो । स्रोत व्यक्तिको रूपमा सिए. चन्द्रकान्त भण्डारीले संस्थाका कर्मचारीहरूलाई तालिम प्रदान गर्नु भएको थियो ।

### ICAN E-News थालनी

संस्थाका सदस्य, विद्यार्थी लगायत अन्य सरोकारवालाहरूलाई संस्थाका गतिविधिहरू तथा लेखाव्यावसायका क्षेत्रमा भएका घटनाहरूको समयमै जानकारी उपलब्ध गराउने उद्देश्यका साथ महिनाको दुई पटक विक्रम सम्वत् तथा इस्वी सम्वत्को प्रत्येक महिनाको पहिलो गते ICAN E-News प्रकाशन गर्ने गरी यही २०७४ पौष १७ गते (जनवरी १, २०१८) देखि थालनी गरिएको छ ।

## विद्यार्थी सम्बन्धी गतिविधि

### सिए बिद्यार्थीहरुको अन्तर्राष्ट्रिय सम्मेलन

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थामा CAP III तहमा अध्ययनरत ६ जना बिद्यार्थीहरूको प्रतिनिधि मण्डलले The Institute of Chartered Accountants of India (ICAI)ले भारतको पुणेमा १३ देखि १६ मार्च २०१८ सम्म आयोजना गरेको International Conference on "Nurturing Value and Integrity- Attaining Excellence in Personal Pursuit" मा सहभागिता जनायो । सो कन्फरेन्समा संस्थाका बिद्यार्थीहरूले प्राविधिक कार्यपत्र प्रस्तुत गरेका थिए ।

### २०१८ मार्च महिनाको लेखा प्रविधिज्ञको परीक्षा सम्पन्न

संस्थाले २०१८ मार्च महिनाको लेखा प्राविधिज्ञको परीक्षा सफलताका साथ सम्पन्न गर्‍यो । मार्च १५ देखि १९ गतेसम्म संचालन भएको सो परीक्षामा कूल ४ जनाले परीक्षा फाराम भरेकोमा २ जनाले मात्र परीक्षा दिएका थिए ।

### सिए सदस्यता परीक्षा तथा सिए परीक्षाको नतिजा प्रकाशित

संस्थाले डिसेम्बर २०१७ मा संचालन गरेको सिए सदस्यता परीक्षा तथा सिए परीक्षाको नतिजा फेब्रुअरी १५, २०१८मा प्रकाशित गरेको छ । परीक्षाको नतिजा अनुसार सदस्यता परीक्षा तर्फ ३५ जना उत्तीण भएका छन् । उत्तीर्ण परीक्षार्थीले संस्थाले निर्धारण गरेको आवश्यक प्रकृया पूरा गरी संस्थाको सदस्यता प्राप्त गर्न सक्नेछन् । त्यसैगरी, CAP I का ४८८ जना CAP II मा, CAP II का १४३ जना CAP III मा भर्ना हुनको लागि योग्य भएका छन् । CAP III का २७ परीक्षर्थीहरूले संस्थाले तोकेको आवश्यक प्रकृया पूरा गरी संस्थाको सदस्यता प्राप्त गर्न सक्नेछन् ।

### व्यवस्थापन तथा संचार सीप तालिम

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले बिद्यार्थीहरूको क्षमता अभिवृद्धि गर्ने प्रयोजनको लागि संस्थाको भवनमा २५ फेब्रुअरी देखि १२ मार्च, २०१८ सम्म तेह्रौं व्याचको व्यवस्थापन तथा संचार सीप तालिम सम्पन्न गर्‍यो । चार्टर्ड एकाउन्टेन्सी कोर्ष पूरा गरी संस्थाको चार्टर्ड एकाउन्टेन्टको सदस्यता लिन र लेखा प्राविधिज्ञको अनुमतिपत्र प्राप्त गर्न चाहनेहरूले यो तालिम अनिवार्य रूपमा लिनुपर्ने व्यवस्था छ । तालिममा ३१ जना बिद्यार्थीहरूले सहभागिता जनाएका थिए ।

### सिए. बिद्यार्थी अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सहकार्यमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स बिद्यार्थी संगठनले १७ मार्च २०१८ मा काठमाडौंमा पहिलो सिए बिद्यार्थी अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न गरेको छ । Lead the Profession, Lead the Nation नामक सो सम्मेलनका प्रमुख अतिथि माननीय महालेखापरीक्षक टंकमणि शर्मा दंगाल रहनु भएको कार्यक्रममा विशेष अतिथिको रूपमा साफाका अध्यक्ष एवं संस्थाका पूर्व अध्यक्ष सिए. (डा.) सुवोध कुमार कर्ण रहनु भएको थियो । सो सम्मेलनमा संस्थाका अध्यक्ष सिए. प्रकाश जंग थापा, पूर्व अध्यक्ष एवं बोर्ड अफ स्टडिजका सभापति सिए. प्रकाश लम्साल र कार्यकारी निर्देशक सिए. संजय कुमार सिन्हाको उपस्थिति रहेको थियो । सम्मेलनमा सार्क मुलुकका ४०० भन्दा बढी बिद्यार्थीहरूको उत्साहजनक सहभागिता रहेको थियो ।

## सदस्य तथा व्यावसायिक विकास बिभागका गतिविधि

### Data Analytics तालिम, बिराटनगर

संस्थाले मिति २०७४ माघ १२ देखि १४ गतेसम्म कम्प्युटरको प्रयोगबाट सहज ढंगबाट लेखापरीक्षण गर्ने तरिका सम्बन्धमा सदस्यहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यका साथ बिराटनगरमा तीन दिने Data Analytics for Auditors तालिम संचालन गर्‍यो । दर्तावाला लेखापरीक्षक सदस्यहरूलाई लक्षित गरी संचालित सो तालिममा संस्थाका २४ जना सदस्यहरूको सहभागिता रहेको थियो । कार्यक्रमका स्रोत व्यक्तिको रूपमा सिए. मुकुन्द पोखरेल रहनु भएको थियो ।

### नयाँ सदस्यता दर्ता

संस्थाले २७ सेप्टेम्बर २०१७ देखि मार्च २०१८ को अन्तसम्ममा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा १६(२) अनुसार जम्मा १३६ जनालाई चार्टर्ड एकाउन्टेन्टको नयाँ सदस्यता प्रदान गरेको छ ।

टिकट

प्रकाशक : सम्पादन समिति

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था

THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL

(Established under the Nepal Chartered Accountants Act, 1997)

ICAN मार्ग, सातदोबाटो, ललितपुर पो. ब. नं. ५२८९ (काठमाडौं), फोनः ०१-५५३०८३२ ५५३०७३०
फ्याक्सः ००९७७ १ ५५५०७७४, इमेलः ican@ntc.net.np, वेवसाइटः www.ican.org.np
शाखाहरूः विराटनगर, बुटवल, वीरगञ्ज, पोखरा, नेपालगञ्ज र धनगढी